# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी भण्डारा चितवन
प्रदेश नं. ३ नेपाल

## आन्तारिक आयतर्फको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना ।

**दोस्रो प्रकाशित मिति : २०७५।१२।०८**

स्थानीय सरकार संचालन ऐन २०७४आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ३ हेटौडाको निर्देशन तथा राप्ती नगरपालिकाको मिति २०७५।१२।०४ को निर्णयानुसार देहायको शिर्षकमा राजश्व असुली सम्बन्धी काम न्यूनतम कबोल अंकमा बढाबढका आधारमा आ.व. ०७५/७६ को बाँकी अवधिका लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका कम्तिमा घ वर्गका इच्छुक फर्महरुले बोलपत्र खिरिद गरि देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

ठेक्का विवरण

१. ठेक्का नं. : 001/income2/CHT – RMun/NCB/2075-076
२. ठेक्काको विवरण : लोथर खोलाको लोथर पुलको पश्चिम पट्टीको भागबाट ५०० मिटर तल देखि ११०० मीटर तल खोलाको बीच भागबाट पश्चिम तर्फ (यस न.पा. पट्टी)
३. संकलन तथा उत्खनन् गर्नुपर्ने अधिकतम मात्रा : प्रतिदिन २५० घन मिटर (ठेक्का सम्झौता भइ कायदिश जारी भए पश्चात गणना प्रारम्भ हुने)
४. न्यूनतम कबोल अंक : प्रति घन फिट संकलन शुल्क रु ३/- र विक्री शुल्क रु ६/- गरी जम्मा रु ९। (मु.अ.कर बाहेक) मा नघटाइ हुन आउने रकम (करिब ६५ देखि ७५ दिन)
५. बोलपत्र दस्तुर : रु ३०००।००
६. धरौटी रकम : रु ३५००००।

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. उपरोक्त ठेक्काको लागि बोलपत्र फारम सूचना प्रकाशित भएको ७ औ दिन सम्म कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराम शुल्क वापत रु ३०००। फिर्ता नहुने गरी कार्यालय मै बुझाउन सकिनेछ वा यस कार्यालयको कृषि विकास बैंक शाखा पर्सा, चिवतन स्थित हि. नं. : ०५०९१०११५०७७१०१३ मा बोलपत्र फाराम बापतको शुल्क दाखिला गर्न सकिनेछ ।
३. बोलपत्र फाराम सूचनाको मितिले ८ औ दिन दिनको १२:०० बजे अगावै रितपूर्वक कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता भएका बोलपत्र खोल्दा विभिन्न कार्यालय र बोलपत्र दाताको रोहवरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थितिले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनिको व्यवसायिक प्रमाण पत्र (कम्तिमा घ वर्गको निर्माण व्यावसायी पत्र प्राप्त), स्थायी लेखा नं. , पान नं. मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र आर्थिक वर्ष ०७४/७५ को कर चुक्ता प्रमाण प्रत्र प्रतिलिपी बोलपत्र वापतको दस्तुर तिरेको प्रमाण, कबोल अंक (मू.अ.कर समेत) को ५ प्रतिशत धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोपराइटर वा आधिकारिक प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वय घोषणाको निवेदन अनिवार्य रुपमा संलग्न राखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
५. बोलपत्र जमानतका लागि नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको कमर्सियल बैंकले विना शर्त जारी गरेको विडवण्ड वा यस कार्यालयको कृषि विकास बैंक शाखा पर्सा, चिवतन स्थित हि. नं. : ०५०९१०११५०७७१०४८ मा रकम जम्मा गरेको भौचरको सक्कलै प्रति पेश गर्नु पर्नेछ । बोलपत्र जमानत वापत कार्यालयमा नगदै जम्मा गर्न सकिने छैन ।
६. ठेक्का अवधि २०७६ साल जेष्ठ मसान्त सम्म रहनेछ । ठेक्का अवधिमा बन्द, हडताल आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन । वातावरणीय संरक्षण कार्यलाई उच्च प्राथामिकतामा राख्दै स्वीकृत IEE प्रतिवेदन को परिधि भित्र मात्र खोलजन्य सामाग्री उत्खनन गर्न पाइने छ । IEE प्रतिवेदनले निषेध गरेको अवधि र क्षेत्रबाट खोलाजन्य सामग्री उत्खनन गर्न पाइने छैन ।
७. खोलाजन्य सामग्री उत्खननका लागि छनौट भएको बोलपत्रदाताले नियमानुसार उल्लेखित ठेक्काको कबोल अंकको मुल्य अभिवृद्धि कर १३ % र अग्रीम कर १.५ % सम्बन्धित आन्तारिक राजश्व कार्यालयमा नियमित रुपमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
८. धरौटी वापत जम्मा गरेको रकमलाई ठेक्का रकमको किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार काम सम्पन्न भएपछि आवश्यक कागजात पेश गरी प्रचलित ऐन बमोजिम फिर्ता हुनेछ ।
९. कुनै पनि कारण जनाइ वा निजलाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित गरिनेछ ।
१०. बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
११. ठेक्कामा कुनै विवाद भएमा राप्ती नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
१२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ

...राज हुमागाईं
प्रमुख प्रशासकीय अधिकृत

१३. नदीजन्य सामग्री उत्खनन् तथा निकाशी गर्ने बाटो मर्मत तथा व्यवस्थापन सम्बन्धित ठेक्केदार स्वयं निर्माण गर्नुपर्नेछ र सो बापत लाग्ने खर्च दावी गर्न पाइनेछैन । खोलामा रहेको पुलको दायाँबाँया र ५०० मि तल सम्म र खोलाको दायाँबायाँ रहेको कुलो नहर तटबन्धनको ५० मिटर क्षेत्र भित्र उत्खनन गर्न पाइने छैन ।

१४. सूचनामा उल्लेखित उत्खनन गर्ने खण्डहरुको GPS Points निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुदा वा कायम भए बमोजिम निषेधित क्षेत्र परी GPS Points फरक हुन गएमा उक्त विषयको जानकारी र सोसँग सम्बन्धि कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१५. बोलपत्रसाथ रहने जानकारी तथा शर्तहरु यसै सुचनाको शर्त सरह मान्य हुनेछन ।

१६. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून र नगरपालिकाको निर्णय बमोजिम हुनेछ

१७. बोलपत्र सम्बन्धी अन्य विवरण बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ जसलाई कार्यालयको वेवसाइड www.raptimunchitwan.gov.np मा हेर्न सकिनेछ ।

ठेक्का सम्बन्धि अन्य शर्तहरु :

१. यस ठेक्काका लागि छनौट भएको बोलपत्र दाताले भुक्तानी गर्नुपर्ने आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने रकम रु | कैफियत |
|---|---|---|---|
| प्रथम किस्ता | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र (सम्झौता अगावै) | कबोल अंकको न्यूनतम ५० % ले हुन आउने रकम र उक्त रकममा नियमानुसार लाग्ने करहरु (प्रथम किस्ता बाहेकको बाँकी रकमको हकमा ठेक्का सम्झौता अवधि भर मान्यता रहने कुनै पनि शर्त विनाको मान्यता प्राप्त क वर्गको कमर्सियल बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । | कबोल अंकको सम्पूर्ण रकम प्रथम किस्तामा नै एकमुष्ठ दाखिला गरेको प्रचलित कानून बमोजिम ५ % सम्म छुट दिइनेछ । तर नियमानुसार लाग्ने करमा कुनै किसिमकव छुट दिइने छैन । |
| दोश्रो तथा अन्तिम किस्ता | २०७५ चैत्र मसान्त भित्र | कुल कबोल अंकमा प्रथम किस्ता वापत बुझाएको रकममा घटाइ बाँकी हुन आउने सम्पूर्ण रकम र सोमा लाग्ने सम्पूर्ण करहरु | |

२. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाको कार्यालयले तोकेको राजश्व संकलनका लागि प्रयोग गर्ने रसिदहरु नगरपालिकाले तोकेकी ढाँचामा आफैले छपाइ गरी उक्त रसिदहरु नगरपालिका कार्यालयमा दाखिला तथा प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । नगरपालिका कार्यालयमा दाखिला तथा प्रमाणित नगरेको रसिद गरी राजश्व संकलन गरेको पाइएमा नियमानुसार कारबाही गरिनेछ ।

३. ठेक्का सम्बन्धी अन्य शर्तहरुको सर्त नं. २ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मु.अ.कर सम्बन्धि हिसाबका लागि रसिदको क्रमसंख्या अनुसार आय व्याय खातामा लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

४. ठेक्केदारले उठाउने राजश्वको दर नगरपालिका कार्यालयद्धारा तोकिए अनुसार संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै संकलन केन्द्रमा दररेट सहितको सूचना पार्टी सम्बन्धित सवैले देख्न सक्ने राखिएको हुनुपर्नेछ ।

५. नगरपालिकाको कार्यालयलाइ बुझाउनु पर्ने दायित्व वा बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

६. ढुङ्गा गिट्टी बालुवा ग्राभेल रोडा रातो माटो आदीको कर प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदनले निषेध गरेको स्थानबाट स्कलन गर्न पाइनेछैन ।

७. तोकिएको समय तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानताबाट सम्झौता बमोजिमको ठेक्का रकम असुल उपर गरिनेछ । सोमा ठेक्केदारले कुनै किसिमको हर्जना दावी गर्न पाइनेछैन ।

८. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाइ स्वीकार्य हुनेछैन ।

९. प्रचलित ऐन नियम कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाद्द कार्यालयलाइ हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी अशुल उपर गरिनेछ ।

१०. खोलाजन्य पदार्थ संकलन गर्दा पक्की पुल, झोलुङ्गे पुल, कुलो नगर, बाटो, बाँध लगायतका क्षेत्रबाट तोकिए बमोजिमको दुरी अनिवार्य रुपमा छोडी उत्खनन गर्नु पर्नेछ ।

११. बोलपत्र पेश गर्ने फर्म वा कम्पनिको व्यावसायिक प्रमाणपत्र (कम्तिमा घ वर्ग), स्थायी लेखा नं. पान, मु.अ.कर, प्रमाणपत्रको प्रतिलिपी र करचुक्ता प्रमाणपत्र प्रतिलिपी, बोलपत्र वापतको दस्तुर तिरेको प्रमाण, ५ प्रतिशत धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोपराइटर वा आधिकारीक प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वय घोषणा अनिवार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ ।

१२. ढुङ्गा, गिट्टी, बालुवा रोडा आदीको संकलन, उत्खनन तथा निकासीको सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१३. उपरोक्तानुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसा हुने र उल्लेख नभएका अन्य विषयहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृती पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१४. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।